दक्षिणकाली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

(शिक्षा युवा तथा खेलकूद शाखा)

फर्पिङ, काठमाण्डौं, बागमती प्रदेश

प.स : २०८०/२०८१

च.नं. -५७

मिति : २०८०/०८/१५

श्री सबै माध्यमिक विद्यालय

दक्षिणकाली नगरपालिका ।

विषयः राष्ट्रपति रनिङ शील्ड सञ्चालन सम्वन्धनमा ।

प्रस्तुत विषयमा यस दक्षिणकाली नगरपालिकामा सञ्चालित विद्यालयहरुमा अध्यययनरत यस शैक्षिक सत्र भित्र १८ वर्ष मूनीका बालबालिकाहरुको वीचमा प्रतियोगिता सञ्चालन गर्न मिति २०८०।०८।१२ देखि १४ सम्म सञ्चालन भएको तालिमको क्रममा खेलकुद शिक्षकहरुको वीचमा भएको छलफल र यस नगरपालिकाको नगर खेलकुद विकास समितिको मिति २०८०।०८।१४ को निर्णय अनुसार राष्ट्रपति रनिङ शील्ड मिति २०८०।८।२८ देखि ३० सम्म सञ्चालन हुने भएकोले तपशिल बमोजिमका खेलहरुमा निम्न शर्त र प्रक्रिया पुरा गरी सहभागी गराउन सबै माध्यमिक विद्यालयहरुलाई जानकारी गराईन्छ ।

जनार्दन रिजाल
शिक्षा निर्देशक

प्रतियोगितामा पालन गर्नुपर्ने शर्त तथा सञ्चालन प्रक्रिया

(१)स्थानीय तहस्तरीय प्रतियोगितामा सहभागी हुन सम्वन्धित विद्यालयले राष्ट्रपति रनिङशील्ड प्रतियोगिता **निर्देशिकाको अनुसूची-१ बमोजिमको फाराम खेलाडी विद्यार्थीबाट भराई मिति २०८०।०८।२२** गतेसम्म आयोजकलाई उपलव्ध गराउनु पर्नेछ। सो भन्दा पछाडि प्राप्त फारामका आधारमा खेलाडी सहभागी गराउन आयोजक बाध्य हुनेछैन **।फारम सँगै जन्मदर्ता र विद्यालय र विद्यार्थीको इमिस कोड अनिवार्य संलग्न** गर्नु पर्नेछ । रित नपुगेको फाराम स्वीकृत हुने छैन।

(२)स्थानीयस्तरीय /जिल्लास्तरीय प्रतियोगिताका विजयी खेलाडीलाई प्रदान गरिने प्रमाणपत्रको ढाँचा राष्ट्रपति रनिङ शील्ड प्रतियोगिता निर्देशिकाको अनुसूची २ बमोजिम हुनेछ।

(३)स्थानीयस्तरीय /जिल्लास्तरीय प्रतियोगिताका विजयी विद्यालयहरूलाई प्रदान गरिने प्रमाणपत्रको ढाँचा राष्ट्रपति रनिङ शील्ड प्रतियोगिता निर्देशिकाको अनुसूची-३ बमोजिम हुनेछ।

(४)स्थानीय तहस्तरीय प्रतियोगितामा संलग्न गरिने खेलका इभेन्ट्सहरू राष्ट्रपति रनिङशील्ड प्रतियोगिता निर्देशिकाको अनुसूची -४ मा उल्लेख गरे बमोजिम र प्रदेश खेलकुद परिषदको परिपत्र बमोजिम हुनेछ ।

(५)दक्षिणकाली नगरपालिकाको प्रतियोगिता सञ्चालन हुने मिति : २०८०।०८।२८ गतेबाट स्थानः श्री **त्रिभुवन मा वि फर्पिङमा सञ्चालन हुने** छ र प्रतियोगिता सम्वन्धी तालिका निर्माणका लागि सहभागी हुन विद्यालय प्रतिनिधिलाई पछि जानकारी गराईनेछ ।

(६) स्थानीय प्रतियोगितामा सहभागी हुन आउदा प्रत्येक विद्यालयवाट सहभागी हुन आउँदा प्रत्येक स्थानीय तहवाट **टिम इभेन्ट्सहरुमा एक-एक टिम र अन्य इभेन्ट्समा बढीमा २/२ जना खेलाडीहरूलाई** सहभागी

दक्षिणकाली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
(शिक्षा युवा तथा खेलकूद शाखा)
फर्पिङ, काठमाण्डौं, बागमती प्रदेश

प.स : २०७९/२०८०
शिक्षा, च.नं. -५८ मिति : २०८०/०८/१५

गराउन सकिनेछ। एथ्लेटिक्स इभेन्ट्सका प्रत्येक खेलाडीले बढीमा एक फिल्ड दुई ट्र्याक वा दुई फिल्ड एक ट्र्याक इभेन्टमा भाग लिन पाउनेछन्।

(७) प्रत्येक विद्यालयले **भलिबल / कबडी खेलतर्फ बढीमा १०/१० जनासम्म खेलाडी छात्र/छात्राहरू पठाउन सक्नेछन् । र प्रत्येक ईभेन्टसमा खेलाडीहरु फरक फरक नै हुनु पर्नेछ । एक भन्दा बढी खेलमा एकै खेलाडी राख्दा खेल तालिका जुध्न गई खेलाडी खेलबाट विमुख भएमा आयोजक जिम्मेवार हुने छैन ।**

(८) मार्सल आर्ट खेलको हकमा स्थानीय तहले प्रतियोगिता आयोजना गरी खेलाडीहरुको सिफारिस गरिनेछ। तर खेलाडीहरुको उपलब्धता तथा खेलको प्रकृति अनुसार प्रतिस्पर्धा गराउन सम्भव नभएमा तौल समूह अनुसारका खेलाडीलाई छनौट गरी जिल्लाको प्रतिस्पर्धामा सो व्यहोराको सिफारिस सहित सहभागिताका लागि पठाईने छ।

(९) आयोजकले प्रतियोगिताको टाइसिट सकेसम्म कम्तिमा ५०% (पचास प्रतिशत) सहभागीहरु/प्रतिनिधिहरूको रोहवरमा तयार गर्नु पर्ने भएकोले टाईसिट निर्माणको क्रममा जानकारी गराईएको समयमा अनिवार्य उपस्थित हुनुपर्नेछ।

(१०) प्रत्येक इभेन्ट्सका विजयी खेलाडीहरूलाई पदक तथा प्रमाणपत्र उपलब्ध गराईनेछ । सञ्चालित प्रतियोगिताको पदक संख्याको आधारमा प्रथम हुनेलाई शिल्ड सहित नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरिनेछ । साथै द्वितीय र तृतीय हुनेहरुलाई ट्रफी, नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरिनेछ।

(११) प्रतियोगिता सञ्चालन गर्न स्थानीय स्तरमा थप स्रोत जुटाउन सकिनेछ। स्थानीय स्तरमा सहभागी हुँदा लाग्ने खर्चको व्यवस्था विद्यालय आफैले गर्नु पर्नेछ ।

(१२) जिल्लास्तरमा पठाउने टिमको सन्दर्भमा भलिवल र कवड्डी खेलमा सहभागी हुने खेलाडीहरूको छनौट खेल प्राविधिकहरुको परामर्शमा उत्कृष्ट खेलाडीहरूमध्येबाट आयोजक समितिले सिफारिस गरे बमोजिम हुनेछ । अन्य खेलको हकमा सम्वन्धित प्रथम खेलाडीमात्र सहभागी गराईने छ ।

(१३) पूर्वाधार र वसोवासको व्यवस्थालाई समेत विचार गरी इच्छुक विद्यालयहरूका बीच वर्षै पिच्छे अलग-अलग स्थानमा आपसी समझदारीमा झण्डा हस्तान्तरण गरिने प्रक्रियाद्वारा प्रतियोगिता सञ्चालन गर्न सकिनेछ ।

दक्षिणकाली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

(शिक्षा युवा तथा खेलकूद शाखा)

फर्पिङ, काठमाण्डौ, बागमती प्रदेश

प.स : २०८०/२०८१

च.नं. -५७

मिति : २०८०/०८/१५

(दफा ९ को उपदफा (४), दफा १२ को उपदफा (४) र दफा १४ को उपदफा (४) सँग सम्बन्धित) राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा समावेश गरिएका खेलहरूको विवरण

१. भलिबल : छात्रः छात्राः १० /१० जना

२. कबड्डी : छात्रः छात्राः १० /१० जना

३. एथ्लेटिक्स :

क. दौड (ट्र्याक) तर्फः

छात्रः १०० मि., २०० मि., ४०० मि., ८०० मि., १५०० मि., ३००० मि., ४×१०० मि. रिले, ४×४०० मि. रिले ।

छात्राः १०० मि., २०० मि., ४०० मि., ८०० मि., १५०० मि., ३००० मि., ४×१०० मि. रिले, ४×४०० मि. रिले ।

ख. उफ्रने र फ्याँक्ने (फिल्ड) तर्फः

- छात्रः हाइजम्प, लङजम्प, त्रिपलजम्प,

ज्याभलिङ थ्रो ८०० ग्राम, सटफुट १२ पाउन्ड ।

- छात्रा : हाइजम्प, लङजम्प, त्रिपलजम्प,

  ज्याभलिङ थ्रो ६०० ग्राम र सटफुट ८ पाउन्ड ।

- ४. मार्सल आर्ट तर्फः

४ कराँते

- छात्रः U –४२ केजी, U –४७ केजी, U –५२ केजी, U –५७ केजी , केजी U –६२ केजी, काता एकल
- छात्राः U –४० केजी, U –४५ केजी, U –५० केजी, U –५५ केजी. U –६० केजी, काता एकल

५ तेक्वान्दो

- छात्र : U –४५ केजी, U –४८ केजी, U –५१ केजी, U –५५ केजी, र U –५९ केजी , एकल पुम्से
- छात्रा : U –४२ केजी, U –४४ केजी, U –४६ केजी, U –४९ केजी, र U –५२ केजी, एकल पुम्से

६ उसु

क पाउलो तर्फ

- छात्र : Chang Quan, Nan Quan, and TaijiQuan
- छात्रा : Chang Quan, Nan Quan, and TaijiQuan

ख सान्सै तर्फ

- छात्र : छात्रः U –४२ केजी, U –४५ केजी, U –४८ केजी
- छात्रा : U –४२ केजी, U –४५ केजी, U –४८ केजी

अनुसूची १

(दफा ९ को उपदफा (१) र (६) उपदफा १२ को उपदफा (१) दफा १४ को उपदफा (१) सँग सम्बन्धित)

## प्रतियोगितामा सहभागी हुन भर्नु पर्ने फाराम

१ सहभागी विद्यार्थीको नाम :

विद्यार्थीको EMIS ID :

२ विद्यालयको नाम र ठेगाना :

EMIS CODE :

३ फोन नं :

४ अध्ययनरत कक्षा :

५ जन्ममिति ( जन्मदर्ता संलग्न गर्नुपर्ने):

६ सहभागी हुने खेल :

७ सहभागी हुने विद्यार्थीको हस्ताक्षर :

खेलाडीको फोटो

उल्लिखित ब्यहोरा ठीक साँचो हो भनि प्रमाणित गर्ने

| विद्यालयबाट छनौट भएमा | स्थानीय तहबाट छनौट भएमा | जिल्लाबाट छनौट भएमा | प्रदेशबाट छनौट भएमा |
|---|---|---|---|
| प्रधानाध्यापकको | समितिको सदस्य सचिव | जिखेविस कार्यालय प्रमुख | प्रखेविसको कार्यालय प्रमुख |
| नाम | नाम | नाम | नाम |
| हस्ताक्षर | हस्ताक्षर | हस्ताक्षर | हस्ताक्षर |
| मिति | मिति | मिति | मिति |
| फोन नं | फोन नं | फोन नं | फोन नं |
| विद्यालयको छाप | विद्यालयको छाप | विद्यालयको छाप | विद्यालयको छाप |